लुम्बिनी साँस्कृतिक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी, रुपन्देही
५ नं. प्रदेश, नेपाल

**अत्यावश्यक औषधी खरीद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित सुचना- २०७५।९।२७**

राजश्व बाँडफाँड, नेपाल सरकार तर्फ आ.व. २०७५।०७६ का लागि स्वीकृत कार्यक्रम अनुसार स्वास्थ्य संस्थाहरुको लागि आवश्यक पर्ने औषधीहरु सिलबन्दी दरभाउपत्रका माध्यमद्वारा खरिद गर्नु पर्ने भएकोले सप्लाई गर्न इच्छुक रजिष्टर्ड कम्पनी, फर्म तथा सप्लायर्सहरुले निम्न शर्तहरुको अधिनमा रहि अलग अलग सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ।

तपसिल :

१) यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र नगद रु. १०००।०० (फिर्ता नहुने) रकम तिरी आ.ब.२०७५।७६ का लागि नविकरण गरिएको कम्पनी दर्ता प्रमाण पत्र वा फर्म दर्ता प्रमाणपत्र, औषधी व्यवसायी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७४/७५ सम्मको कर चुक्ता प्रमाणपत्र सहित कागजातहरुका प्रतिलिपिहरु संलग्न राखी सिलबन्दी दरभाउदाता वा निजको आधिकारीक प्रतिनिधिले बोलपत्र फाराम खरीदका लागि यस कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ।

२) प्रथमपटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र दरभाउपत्र फाराम शिलबन्दी गरी रीतपूर्वक यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। दर्ता भएका सिलबन्दी दरभाउ फारामहरु सोही दिनको २:०० बजे दरभाउदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरु उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन। सिलबन्दी दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलीपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

३) सिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानत वापतको रकम तपसिलका दरले लुम्बिनी साँस्कृतिक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लुम्बिनीको नाममा (साविक कार्यालय कोड नं.३७३६५।१६)( हालको कार्यालय कोड ३६५।००।४८।०४) कृषि विकास बैंक, लुम्बिनी शाखामा रहेको धरौटी खाता नं. ०४१४९०११४५७३३०१३, ग-३ मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तीमा ७५ दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी पत्र सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ। सिलबन्दी दरभाउपत्र स्वीकृत भए पछि स्वीकृत अंकको ५ प्रतिशत बराबरको धरौटी रकम सम्झौता अगावै बैंक खाता दाखिला गरी भौचर वा कार्यालयको नाममा जारी भएको बैंक जमानतपत्र पेश गर्नु पर्ने छ।

४)सिलबन्दी दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिबृद्धि कर बाहेकको रकम अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा उल्लेख भएको दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिईनेछ। दरभाउपत्र स्वीकृती गर्दा item wise को रुपमा स्वीकृती गरिनेछ। कार्यालयको आवश्यकता अनुसार परिमाण थपघट गर्न सकिनेछ।

गोविन्द पौडेल
प्रमुख प्रशासकीय अधिकृत